मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी
४ नं. प्रदेश, नेपाल

प.सं : २०७४/०७५ मितिः २०७५/०१/३०
च.नं : ८३२

विषय : योजना स्थलमा नियमित रुपमा उपस्थित हुनु हुन/हुने व्यवस्था मिलाई योजनाका दैनिक क्रियाकलापहरुको सघन रुपमा अनुगमन, निरीक्षण, समन्वय र सहजिकरण गर्नुहुन ।

अध्यक्ष श्री जेदुलाल सापकोटा, (मो.नं. ९८२१३५८३०२)
सचिव श्री रुद्र बहादुर खड्का, (मो.नं. ९८०८०८८३१४)
कोषाध्यक्ष श्री सम्झना थापा, (मो.नं. ९८०५१६२४३५)
त्रिभुवन मंगला मा.वि.मा दुईकोठे भवन र घेराबार निर्माण उपभोक्ता समिति
न्यालेखोर, मंगला - २, बाबियाचौर

उपर्युक्त विषयमा श्रीमान् गाउँपालिका अध्यक्ष सतप्रसाद रोकाज्यूको प्रमुख आतिथ्यता र सहभागितामा एवं श्रीमान् गाउँपालिका उपाध्यक्ष सृजना के.सी. ज्यूको संयोजकत्वमा गठित गाउँपालिका स्तरिय अनुगमन तथा निर्देशन समिति द्वारा हिंजो मिति २०७५ साल बैशाख २९ गते शनिवारका दिन मंगला गाउँपालिकाका १ र २ नं. वडा क्षेत्र भित्र सम्पादित भईरहेका योजना तथा कार्यक्रमहरुको अनुगमन/निरिक्षण गर्ने सिलसिलामा योजना स्थलमा पुग्दा योजना अन्तर्गतका क्रियाकलापहरु सम्पादित भई रहेको पाइयो । सो अवस्थामा उपभोक्ता समितिका जिम्मेवार पदाधिकारीहरु योजना स्थलमा उपस्थित नभएका, उपभोक्ता समितिका अरु पदाधिकारीहरु समेत सहभागी नभएको साथै मिति २०७४/०९/०४ को आम उपभोक्ता भेलाबाट गठित अनुगमन तथा सहजिकरण समितिका संयोजक र पदाधिकारीहरु मध्ये कुनै पनि पदाधिकारीहरुको सो अवस्थामा सहभागी नभएको देखिँदा जिम्मेवार पदाधिकारीहरुले आफ्नो पदको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र दायित्वको मर्मलाई ख्याल नगरेको होइन भन्न सकिँदैन ।
अतः अबका दिनमा जिम्मेवारी लिई/तोकी दिई नियमित रुपमा योजना स्थलमा उपस्थित हुनु हुन/ हुने व्यवस्था मिलाउनु हुनु निर्देशनानुसार अनुरोध गर्दछु ।

विष्णुप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ तथा कार्यार्थ :-**

श्री धन बहादुर खाती क्षेत्री २ नं. वडा अध्यक्ष :- उल्लेखित व्यहोरा मनन गर्नु भई आवश्यक व्यवस्था गर्नु एवं संयोजक अनुगमन तथा सहजिकरण समिति गराउनु हुन अनुरोध छ ।

श्री राजकुमार अधिकारी, प्रधानाध्यापक :- विद्यालय हाता भित्र निर्माण भईरहेका भौतिक संरचनाका
त्रिभुवन मंगला माध्यमिक विद्यालय, क्रियाकलापहरुलाई आफ्नो पदिय स्थानबाट समेत सहयोग,
मंगला- २ न्यालेखोर, समन्वय र सहजिकरण गर्नुहुन अनुरोध छ।

**अवगतार्थ :-**

श्री १ नं. वडा अध्यक्ष, कुहुँ/श्री ३ नं. वडा अध्यक्ष, आर्भाङ्, बरंजा/ श्री ४ नं. वडा अध्यक्ष, बुकेनी, बरंजा
श्री ५ नं. वडा अध्यक्ष, पाँखु, अर्मन :- उल्लेखित व्यहोरा अध्ययन गरी त्यहाँ वडा अन्तर्गत सञ्चालन हुने र भई रहेका योजना तथा कार्यक्रमहरुको सघन रुपमा अनुगमन र निरिक्षण गर्नु हुन अनुरोध छ ।